नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

☎ : ०११-६२०१०६
☎ : ०११-६२०१३३

पत्र संख्या : प्र.०७७/७८

चौतारा

## प्रेस विज्ञप्ती

मिति २०७८/०३/०१ गते परेको अविरल वर्षापछि आएको बाढीका करण यस जिल्लाको हेलम्बु गाउँपालिका र मेलम्ची नगरपालिका क्षेत्रमा क्षति पुर्याइ मानिसहरु विस्थापित तथा बेपत्ता भएकोमा आज मिति २०७८/०३/०९ गते उक्त स्थानमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र स्थानीयपालिकाबाट खोज, उद्दार, राहत वितरण, बसोवासको व्यवस्थापन र औषधिउपचारको कार्य भैरहेको व्यहोरा अनुरोध छ । उक्त बाढीका कारण पुगेको मानवीय तथा भौतिक क्षति, उद्दारको अवस्था तथा राहत वितरणको पछिल्लो विवरण निम्नानुसार रहेको छ ।

| | |
|---|---|
| जम्मा मृतक | ५ |
| आज फेला परेको | – |
| जम्मा घाइते | ३ |
| उपचारपछि आज डिस्चार्ज भएको | – |
| सम्पर्कमा नरहेका | २० जना |
| आज सम्पर्कमा आएको | – |

**राहत सामग्री प्राप्त गरेको विवरण :**

| सि.नं. | प्राप्त स्रोत | संख्या | विवरण | राखिएको स्थान | कै. |
|---|---|---|---|---|---|
| १ | संघ/संस्था | ६९ | चामल, दाल, नुन, तेल, मस्यौरा, पोलार, ग्याँस, लत्ताकपडा, औपधी, स्यानिटरी प्याड, टर्च लाइट, टेन्ट, त्रिपाल, कम्मल, चाउचाउ, बिस्कुट, म्याट्रेस, भाँडाकुँडा, थाल, आलु, ब्लयाङकेट, कम्वल, Sleeping Bag, कालो डोरी, जेनेरेटर, बल्व होल्डर, त्रिपाल लगायतका सामाग्रीहरु | नेपाली सेनाको कालिजंग गणको सुरक्षा गुल्म मेलम्ची | |
| २ | व्यक्तिगत | २२ | | | |

**राहत सामग्री वितरण गरेको विवरण :**

| सि.नं. | वितरण गर्ने निकाय | संख्या | विवरण | वितरण गरिएको स्थान | कै. |
|---|---|---|---|---|---|
| १ | २०७८।०३।०८ | सुरक्षा निकाय र स्थानीय निकाय | सोलार लाईट - ५० थान, म्याट्रेस - ७० थान, पिउस - १ कार्टुन, लुगा धुने साबुन - २ कार्टुन, नुहाउने साबुन - १ कार्टुन, लेडिज प्याड - ५० थान, चाउचाउ - १० कार्टुन, विस्कुट - १० कार्टुन, चिउरा - २ बोरा, मिक्स फुड - १० बोरा, माक्स - ५०० थान, ब्लयाङकेट - १०० थान | पाँचपोखरी थाङपाल गा.पा.०२ बरुवा र ऐ. गा.पा. ०३ भोताङ, याङरी खोलाका विस्थापितहरुलाई | |

प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

☎ : ०११-६२०१०६
☎ : ०११-६२०१३३

पत्र संख्या : प्र.०७७/७८

चौतारा

| | | | | | |
|---|---|---|---|---|---|
| २ | २०७८।०३।०८ | हेलम्बु गा.पा.र सुरक्षा निकाय | चामल - ५० बोरा, झुल ५० थान, दाल १०० के.जी., चिउरा १०० के.जी., बिस्कुट ५० प्याकेट, दालमोठ - ५० प्याकेट, चिनी - १०० के.जी., मास्क - ५० प्याकेट | हेलम्बु गा.पा. ३ का ५० घरधुरी स्थानीय बासिन्दाहरुलाई | |
| ३ | २०७८।०३।०८ | हेलम्बु युवा समाज, नेपाल लोकतान्त्रिक खेलकुट चितवन समाज | त्रिपाल - १०० थान, त्रिपाल - १०० थान, स्लिपिङ ब्याग - १०० थान, सोलार टर्च लाईट - ६० थान, सोलार मोबाईल चार्जर - ६ थान, चामल - २० बोरा, भुजिया - १० बोरा, चाउचाउ - २० कार्टुन, चिउरा - १० बोरा, बाल्टिन/मग - १०० थान, फिल्टर - २० थान, प्लाष्टिक गिलास - १२० थान, थाल - १२० थान, सानिटाईजर - ४० थान । | हेलम्बु गा.पा. ७ चनौटेस्थित स्थानीय बासिन्दाहरुलाई | |
| ४ | २०७८।०३।०९ | सुरक्षा निकाय | पाल - ३ थान | हेलम्बु गा.पा.०२ किउल (११ जनाको परिवार लाभान्वित) | पाल टाँगी वितरण गरिएको |

बिशिष्ट व्यक्तिको प्रभाबित स्थानमा स्थलगत अनुगमन:

| सि.न. | स्थान | VIP हैसियत तथा नाम | आवागमन मिति र समय | प्रस्थान समय | कै. |
|---|---|---|---|---|---|
| १ | सि.पा.को मेलम्ची र हेलम्बुको बाढी पहिरोको अनुगमन र निरीक्षण | बागमती प्रदेशको मुख्यमन्त्री डोरमणी पौडेलज्यू | २०७८।०३।०९ गते १०:४० बजे | २०७८।०३।०९ गते १५:२० बजे | |
| २ | | बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री केशबराज पाण्डेज्यू | | | |
| ३ | | बागमती प्रदेशका उद्योग, बन तथा वातावरण मन्त्री सरेश नेपालज्यू | | | |
| ४ | | प्रदेश सांसद निमा लामा | | | |
| ५ | | आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव मदन भुजेल | | | |
| ६ | | नेपाली सेनाका नं. २६ वाहिनी भकुण्डेका वाहिनीपति सहायक रथी विष्णु राउत | | | |

प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

☎ : ०११-६२०१०६
☎ : ०११-६२०१३३

पत्र संख्या : प्र.०७७/७८

चौतारा

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | | नेपाल प्रहरीका प्र.ना.म.नि. वसन्त कुमार लामा | | | |
| ८ | | सशस्त्र प्रहरी बल, नेपालका स.प्र.ना.म.नि. मन्दिप श्रेष्ठ | | | |
| ९ | | रा.अ.वि.को अ.नि. सुमन वैद्य | | | |

- भोटेकोशी गा.पा.०२ चित्रे भन्ने स्थानमा अरनिको राजमार्ग खण्डको पहिरो गई क्षति भएको सडकमा मिति २०७८।०३।०७ गते डिभिजन सडक कार्यालय चरिकोटबाट शुरु भएको मर्मत कार्य आज पनि जारी नै रहेको ।
- मेलम्ची न.पा. ११ लगायत नदिले कटान गरिएको विभिन्न स्थानमा नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीले संयुक्त रुपमा ढुङ्गा, जाली हाल्ने कार्य आज पनि जारी रहेको । साथै, मेलम्ची, चनौटेम तालामाराङ, शेरा लगायतका जोखिममा परेका घरहरुबाट जिन्सी सामग्री तथा नगद सुरक्षित तरिकाले झिकि सुरक्षित ठाँउमा लान सहयोग गरिरहेको ।
- मिति २०७८।०३।०८ गते राती आएको अविरल वर्षाको कारण जिल्ला सिन्धुपाल्चोक बाह्रबिसे न.पा. ९ जुरे स्थित अरनिको राजमार्गमा माथीबाट ढुङ्गा, माटोको लेदो आई बाटो अवरोध भएको कारण बाटो खुलाउने क्रममा मिति २०७८।०३।०९ गते अ. ०८:३० बजेको समयमा जि.सि.पा.बाह्रबिसे न.पा. वडा न. २ सिम्ले बस्ने बर्ष ३५ को विष्णु भन्ने थिरस खड्काको शव सडी गलेको अवस्थामा फेला परेको । साथै अवरोध हटाए पश्चात सडक सुचारु भइसकेको ।
- मिति २०७८।०३।०९ गते रातको समयमा अविरल बर्षाको कारण जि. सि. चौतारा साँगाचोकगढी न.पा. ९ डुम्रे स्थित अरनिको राजमार्ग सडकखण्डमा सडक माथि खोल्सा बाट ढुङ्गा माटोको लेदो आई सानो गाडी जान सकिने र ठुला सवारी साधान जान नसकिने गरी बाटो अवरुद्ध भएकोमा विहान ०६:३० बजेतिर हटाएर बाटो सुचारु भएको ।
- मिति २०७८।०३।०९ गते नेपाली सेनाका डा.सह सेनानी सुमन थापाको नेतृत्वमा शान्ति तालिम केन्द्र पाँचखालबाट खटी आएको स्वास्थ्यकर्मीको टोलीद्धारा हेलम्बु गा.पा.०७ चनौटेमा विस्थापितहरुलाई लक्षित गरी स्वास्थ्य शिविर संचालन गरिएको ।
- मिति २०७८।०३।०९ गते नेपाली सेनाको टोलीद्धारा हेलम्बु गा.पा. ०२ -०७ जोड्ने चनौटे चुरेटार स्थित जोखिममा रहेको रातो पुल संरक्षणको लागि पुलको दाँयाबाँया दुबैतिर तारजालीमा ढुंगा भरी पर्खाल बनाउने काम शुरु गरिएको ।
(नोट : प्राप्त राहत तथा वितरण गरिएको राहत सम्वन्धि विस्तृत विवरण कार्यालयको वेभसाइट www.daosindhupalchok.moha.gov.np मा उपलब्ध छ।)

मिति : २०७८/०३/०९

२०७८/०३/०९

सुनिता पहरी
प्रशासकीय अधिकृत

प्रशासकीय अधिकृत